सयपत्री र मखमलीमा आत्मनिर्भर, ९ अर्ब लगानी

छबि सापकोटा/मध्यान्ह
काठमाडौं, १४ कात्तिक ।

नेपालमा फूलखेतीप्रति आकर्षण बढेसँगै फूलमा आत्मनिर्भर बन्दै गएको छ । केही वर्षअघि तिहारको लागि भारतबाट फूल आयात हुने गरेको भएपनि पछिल्लो समय फूलखेती गर्ने किसानहरुको संख्या बढ्दा तिहारमा नेपाली फूलहरु नै पर्याप्त पाइने गरेको छ ।

नेपालमै फूलेका सयपत्री र मखमली उपभोक्ताको समेत रोजाई पर्ने गरेको छ । बजारमा नेपाली फूल मालामा पर्याप्त रहेको आयात गर्न नपर्ने फ्लोरिकल्चर एसोसिएसनका पूर्व अध्यक्ष कुमार कसजु बताउँछन् । नेपालमा पुष्पमेलामा समेत उपभोक्ताको आकर्षण बढेको कसजुले बताए । लक्ष्मीपुजाको दिन ४० लाखभन्दा बढी माला खपत हुने अपेक्षा गरिएको हो ।

अघिल्लो वर्ष तिहारमा करिब ३५ लाख व्यावसायिक सयपत्री फूलको खपत

भएको थियो । तिहारमा काठमाडौंमा ६० प्रतिशत र अन्य स्थानमा ४० प्रतिशत फूल खपत हुने गरेको छ । नेपाली फूलको खपत बढाउन काठमाडौं महानगरपलिका लगायत स्थानीय तहहरुले प्लास्टिकका फूलमाला ब्रिक्री वितरणमा रोक लगाउने निर्देशनले फूलखेती गर्ने उत्साहित भएका छन् भने उत्पादित फूलहरुले सहज रुपमा बजार पाएको व्यवसायी बताउँछन् ।

तिहार अघि नै स्थानीयतहले प्लास्टिकको माला खरिद बिक्रीमा रोक लगाएपछि सयपत्री फूलको व्यापार बढ्ने अपेक्षा गरिएको छ । काठमाडौं महानगर पालिकाले तिहारको लागि फूलमा बिक्री गर्नका लागि महानगरका ४६ स्थानबाट स्वदेशी फूल बिक्री स्थल समेत तोकेको छ । नेपालमा हरेक वर्ष १५ प्रतिशत बढी किसानहरु पुष्प व्यवसाय गर्ने बढीरहेका छन् । अहिले मुलुकका ५० भन्दा बढी जिल्लामा व्यावसायिक फूलखेती भइरहे को फ्लोरिकल्चर एसोसिएसन नेपालको भनाइ छ ।

फूलखेती गर्ने व्यवसायी एक हजार भन्दा बढी छन् भने २६० हेक्टर क्षेत्रफलमा पुष्पखेती हुँदै गएको छ । पुष्प व्यवसायमा करिब ९ अर्ब लगानी भएको फ्लोरिकल्चर एसोसिएसनको भनाइ छ । यो वर्ष सयपत्री मालाको ८० रुपैयाँ र मखमली मालाको ४५ रुपैयाँ औसत थोक मुल्य रहेको छ । भारतबाट आयात रोकिएको कारण समेत नेपाली पुष्प व्यवसायीले तिहारको बेलामा राम्रो भाउ पाउने गरेका छन् ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नेपाल टेलिकमद्वारा सहयोग

काठमाडौं/मस – नेपाल टेलिकमले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक करोड दुई लाख सत्तरी हजार दुई सय चौध रुपैयाँ रकम जम्मा गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले प्रधानमन्त्री केपी शर्मा ओलीलाई चेक हस्तान्तरण गर्दै कोषमा रकम जम्मा गरेकी हुन् ।

अविरल वर्षाका कारणले काठमाडौं उपत्यकालगायत देशका विभिन्न स्थानमा भएको बाढी-पहिरो तथा डुबान लगायतका प्राकृतिक विपत्तिका पीडितहरुलाई राहतस्वरुप टेलिकमले कोषमा रकम जम्मा गरेको हो । प्रधानमन्त्री ओलीले नेपाल टेलिकम राष्ट्रको सम्पत्ति रहेको उल्लेख गर्दै संस्थाको साख उच्च राख्दै जनतालाई गुणस्तरीय दूरसञ्चार सेवा प्रवाह गर्ने गरी अगाडि बढ्न निर्देशन समेत दिएका थिए ।

ऊर्जा क्षेत्रको विकासमा निजी क्षेत्रले थप सहकार्य गर्ने

काठमाडौं/मस – सरकारले मुलुकको आर्थिक समृद्धिको प्रमुख आधारका रुपमा ऊर्जा क्षेत्रलाई विशेष महत्व दिएको सन्दर्भमा निजी क्षेत्रले पनि त्यसलाई आत्मसात गदै सहकार्य गर्ने घोषणा गरेको छ ।

त्यसका लागि सरकारले नीतिगत, कानुनी र संरचनागत सुधार गरी निजी क्षेत्रलाई थप प्रतिस्पर्धी र व्यावसायिक बनाउनुपने मा जोड दिइएको छ । निजी क्षेत्रको छाता संगठन स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले २५औं वार्षिकोत्सवलाई ऊर्जा क्षेत्रको सार्थक विकासका लागि विशेष भूमिकासहित वर्षभरी नै कार्यक्रम गर्ने घोषणा गरेको छ । इप्पानमा निजी क्षेत्रका पाँच सय बढी ऊर्जा उत्पादक कम्पनी सदस्य छन् ।

विसं २०५७ माघ ४ गते इप्पान स्थापना भएको हो । इप्पानले विभिन्न आरोह अवरोह पार गदै नेपालको ऊर्जा विकासका लागि महत्वपूर्ण २५ वर्ष समर्पित गरेको जानकारी दिँदै अध्यक्ष गणेश कार्कीले देशलाई लोडसेडिङ मुक्त गरी खुद विद्युत निर्यातकर्ता मुलुक बनाउन आफूहरुको भूमिका रहेको बताए ।

देशको कूल विद्युत जडित क्षमता तीन हजार दुई सय ३५ मेगावाट पुग्दा निजी क्षेत्रको सहभागितामा मात्रै दुई हजार पाँच सय ४८ मेगावाट अर्थात् कूल जडित क्षमताको करिब ८० प्रतिशत विद्युत उत्पादन भइरहेको छ । यस्तै, तीन हजार नौ सय ४७ मेगावाट क्षमताका आयोजना निर्माणाधीन अवस्थामा छन् । चार हजार पाँच सय ४५ मेगावाट क्षमताका आयोजनाहरु विद्युत खरिद बिक्री सम्झौता (पीपीए) सम्पन्न गरी वित्तीय व्यवस्थापनको पर्खाइमा छन् ।

रसुवागढी–केरुङ राजमार्गबाट आयात शुरु

रसुवा/मस – रसुवागढी-केरुङ राजमार्ग सञ्चालनमा आएसँगै रसुवागढी नाकाबाट आयात शुरु भएको छ । हालैको भीषण वर्षा र बाढीका कारण अवरुद्ध राजमार्ग मर्मतसम्भारपछि खुलेसँगै आयात पनि प्रारम्भ भएको हो ।

मंगलबार चार कन्टेनर स्याउ, दुई कन्टेनर नस्पाति र तीन कन्टेर ओखर यो मार्गबाट आयात भएको रसुवा भन्सार कार्यालयले जनाएको छ । केरुङबाट ७६ वटा मालवाहक कन्टेनर मितेरी पुलबाट नेपाल प्रवेश गरेको र नेपाली उत्पादन बोकेको तीनवटा मालवाहक र सामान आयात गर्ने एक गरी ४९ वटा नेपाली कन्टेनर चीनतर्फ गएका छन् ।

राजमार्ग बन्द भई आयात ठप्प हुँदा राजस्व असुली पनि घटेको छ । भन्सार कार्यालयका सूचना अधिकारी रवीन्द्र प्याकुरेलले दुई अर्ब ५० करोड राजस्वमा ह्रास आएको जानकारी दिए ।

ज्योति विकास बैंक र दराजबीच दराजको ११.११ अभियानका लागि सम्झौता

काठमाडौं/मस – ज्योति विकास बैंक र नेपालको अग्रणी अनलाइन बजार दराज केयमुबिच बैंकमा खाता रहेका ग्राहकहरुलाई दराजको ११.११ अभियानमा छुट प्रदान गर्ने सम्झौता भएको छ । कार्तिक २६ गतेदेखि लागू हुने कम्पनीले जनाएको हो ।

उक्त सम्झौता पत्रमा बैंकको तर्फबाट मार्केटिंङ तथा ब्रान्डिङ खप्रमुख कुशलजंग अधिकारी र दराजको डिजिटल भुक्तानी र साझेदारी प्रमुख जोनम भूटेलले हस्ताक्षर गरेका छन् । ज्योति विकास बैंकमा खाता रहेका ग्राहकहरुले दराजद्वारा ११.११ को अवधिमा अनलाइन सामान खरिद गर्दा डेबिट कार्ड मार्फत अग्रिम भुक्तानीमा अधिकतम १५ प्रतिशत र क्रेडिट कार्ड मार्फत अग्रिम भुक्तानीमा अधिकतम २० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन् ।

ज्योति विकास बैंकले ग्राहकहरुको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरुसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरुलाई विशेष छुट र सुविधा प्रदान गदै आइरहेको छ । ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

माछापुच्छ्रे क्यापिटलद्वारा आदर्श माध्यमिक विद्यालयलाई विभिन्न सामग्री प्रदान

काठमाडौं/मस–माछापुच्छ्रे क्यापिटलले नवलपरासी रामग्राम ५, परासीस्थित आदर्श माध्यमिक विद्यालयलाई सुरक्षित खानेपानीको लागि १२ थान स्टिल फिल्टर, सफा वातावरणको लागि १५ थान डस्टबिन तथा १२ थान मग लगायतका सामग्री प्रदान गरेको छ ।

कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त सामाग्री प्रदान गरेको हो । क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत उपेन्द्र मालाकारलगायत क्यापिटलका अन्य पदाधिकारीहरु तथा विद्यालयका तर्फबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण यादव, प्रधानाध्यापक ऋषि राम ढकाल, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, शिक्षक तथा विद्यार्थी वर्गहरु तथा अभिभावक समितिका अध्यक्ष लगायत सदस्यहरु उपस्थित थिए ।

धितोपत्र व्यवसायी (मचेन्ट बैंकर) कम्पनीको रुपमा स्थापित माछापुच्छ्रे क्यापिटल लिमिटेडल, नेपाल धितोपत्र बोर्डमार्फत् धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा, निक्षेप सदस्य, सामूहिक लगानी कोषको कोष व्यवस्थापक तथा डिपोजिटरीको इजाजत प्राप्त गरि सेवा प्रदान गरिरहेको छ ।

नबिल बैंकले घोषणा गऱ्यो लाभांश

काठमाडौं/मस – नबिल बैंकले लाभांश घोषणा गरेको छ । बैंकले गत आर्थिक वर्षको मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई वितरण गर्ने लाभांश घोषणा गरेको हो । बैंकले हाल कायम चुक्ता पुँजीको १० प्रतिशत (कर सहित) का दरले नगद लाभांश वितरण गने भएको हो ।

मंगलबार बसेको बैंकको सञ्चालक समितिको बैठकले यस वर्ष १० प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको हो । लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृत भई बैंकको आगामी वार्षिक साधारण सभाले पारित गर्नेगरी वितरण गर्ने बैंकले जनाएको छ ।

सानिमा बैंकका ग्राहकले बिगमार्टमा छुट पाउने

काठमाडौं/मस – सानिमा बैंकका ग्राहकहरुले बिगमार्टमा सामग्री खरिद गर्दा छुट पाउने भएका छन् । बैंकले आफ्ना ग्राहकहरुलाई डिजिटल बैंकिङका माध्यमहरु प्रयोग गरी डिजिटल भुक्तानीको प्रोत्साहन गर्न बिगमार्टसँग छुटको व्यवस्था गरेसँगै सानिमाका ग्राहकले सो सुविधा पाउने भएका हुन् ।

उक्त व्यवस्था अन्तर्गत सानिमा भिसा डेबिट/क्रेडिट कार्डमार्फत् भुक्तानी गर्दा १० प्रतिशत वा दुई सय रुपैयाँसम्म छुट प्राप्त गर्न सक्नेछन् । सो अफर कात्तिक १५ देखि १८ गतेसम्म लागू हुने हुने बैंकले जनाएको छ ।

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/०७/१४

यस कार्यालयको स्वीकृत कार्यक्रमअनुसार तपसिलबमोजिमको कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र e-bid मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

तपसिलः

ठेक्का नं.	कार्यको विवरण	धरौटी रकम	दरभाउपत्र दस्तुर
NMUN/NCB/GOODS/ 2081/082-01	Supply and Delivery of Medicine and Surgical Goods	रु.८०,०००	रु.३,०००

आन्तरिक राजश्व खाताको विवरणः
Name of the Bank: Rastriya Banijya Bank Ltd.
Name of the Branch: Bhakundebeshi, Kavrepalanchok
Name of the Office: Namobuddha Municipality Office, Kavrepalanchok
Revenue Account no: 1540100301010002

शैल्यशिखर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

क्याटलग सपिंग विधिबाट सवारी साधन खरिद सम्बन्धी उत्पादक वा आधिकारिक बिक्रेताहरूलई प्राबिधिक प्रस्ताव दर्ता आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१४)

चालु आ.ब. ०८१/०८२ को लागि यस नगर कार्यपालिकाको स्वीकृत कार्यक्रमअनुसार यस कार्यालयको वडा नम्बर-०१ बलाँच स्वास्थ्य चौकीको लागि देहायबमोजिमको एम्बुलेन्स सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) (८) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरू बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिंग विधि) बाट खरिद गर्नुपर्ने भएकाले तपशिलमा उल्लेख भए बमोजिमको सर्तहरूको अधिनमा रही आधिकारिक बिक्रेताहरूबाट शिलबन्दी वा इमेल मार्फत प्रस्ताव दर्ता गराउने सम्बन्धी जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) ईच्छुक इजाजतपत्र उत्पादन कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरूले आ-आफ्नो फर्म दर्ता,स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाण पत्र, Letter OF Authorization आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्र, त्यस्तो सवारी साधन आपूर्ति गरेको बिस्तृत बिबरण सम्बन्धित कार्यानुभवको प्रमाण पत्र सहित कागजातहरूको प्रतिलिपिहरू समावेश गरि देहायअनुसाको एम्बुलेन्स उत्पादनको प्राविधिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य सुबिधा सहितको बिबरण (क्याटलग वा ब्रोसर) संगलन राखी यो सूचना प्रकाशन मितिले १५ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गरी सक्नु पर्ने छ ।
२) दर्ता हुन आएका प्रस्तावहरू सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे खोलिने छ ।
३) एम्बुलेन्स स्वीकृत प्राविधिक स्पेसिफिकेशन यस कार्यालयबाट निःशुल्क तथा यस कर्यालयको वेबसाईट shailyashikhar.gov.np बाट समेत Download गरी प्राप्त गर्न सकिने छ ।
४) प्रस्ताव सम्बन्धी थप केहि बुझ्नु परेमा ९८४८७२७८७९ मा सम्पर्क गर्न सकिने छ ।
५) उपरोक्त खरिद प्रकृया स्थगित गर्न वा रद्द गर्न आवश्यक ठानेमा कार्यालयले स्थगित गर्न वा रद्द गर्न सक्ने छ ।

सि.नं.	सवारी साधनको विवरण	संक्षिप्त विवरण	कैफियत
१.	एम्बुलेन्स	**Ambulance 4WD Right hand drive with 4*4 system Category-B Ambulance**	संक्षिप्त बिबरणमा उल्लेख नभएका कुराहरू स्वीकृत टेक्निकल स्पेसिफिकेशन बमोजिम हुनेछ ।

(सुरेन्द्र बहादुर बिष्ट)
प्रमुख प्रशासकीय अधिकृत

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**